# एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेड

ट्रेडटावर थापाथली, काठमाडौं

## पदपूर्ति सम्वन्धी सूचना

प्रथमपटक प्रकाशित मितिः २०७७/०५/०४

यस कम्पनीमा रिक्त रहेको देहाय बमोजिमका पदहरुमा खुला प्रतियोगिताद्वारा करार सेवामा नियुक्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कम्पनीमा प्राप्त हुनेगरी दरखास्त आह्वान गरिएको छ । सूचनामा उपलव्ध गराइएको Weblink मा उपलव्ध Job Application Form मार्फत् मात्र दरखास्त पेश गर्न सकिनेछ । रीत नपुगी, म्याद नाघी वा दरखास्तसाथ अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजात संलग्न नभई पेश हुन आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

| क्र.सं. | पद | तह | पदसंख्या | न्यूनतम योग्यता तथा ग्राह्यता |
|---|---|---|---|---|
| १. | Chief Finance and HR Officer (Admin) | ८ | १ | स्नातकोत्तर तह उत्तीर्ण भई अधिकृतस्तरको पदमा ४ वर्षको कार्यानुभव र कम्प्युटर सञ्चालन सम्बन्धी १ महिना तालीम प्राप्त । |
| २. | Environmentalist | ८ | १ | सम्बन्धित विषयमा स्नातकोत्तर उत्तीर्ण भई ५ वर्ष वा स्नातक गरी ८ वर्षको अनुभव प्राप्त गरेको । |
| ३. | Sociologist (Social Study) | ७ | १ | सम्बन्धित विषयमा स्नातकोत्तर उत्तीर्ण । स्नातक वा स्नातकोत्तर तहमा विशिष्ट श्रेणीमा उत्तीर्ण भएकोलाई विशेष ग्राह्यता । |
| ४. | Civil Engineeer | ७ | १ | सिभिल इन्जिनियरिङ्गमा स्नातक तह उत्तीर्ण, जलविद्युत गृहको डिजाइन गरेको र १ वर्षभन्दा बढी कार्य गरेकोलाई अनुभव बमोजिम विशेष ग्राह्यता । |
| ५. | Civil Supervisor/ Draftperson | ५ | ३ | सम्बन्धित विषयमा प्रवीणता प्रमाणपत्र वा १०+२ (Diploma/IE) उत्तीर्ण वा प्राविधिक प्रवेशिका परीक्षा उत्तीर्ण भई CTEVT बाट सम्बन्धन प्राप्त संस्थाबाट सम्बन्धित विषयमा शीपको तह ४ को दक्षताको प्रमाणपत्र प्राप्त । |

**<u>दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः</u>**

हालसालै खिचिएको पासपोर्ट साइजको फोटो (१ प्रति), व्यक्तिगत विवरण (Resume), शैक्षिक योग्यताका प्रमाणपत्र, कार्यानुभव प्रमाणपत्र, सम्बन्धित विषयको तालीमका प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्र, इन्जिनियरिङ्ग पदको सन्दर्भमा नेपाल इन्जिनियरिङ्ग परिषदमा आवद्धता भएको प्रमाणपत्र,

विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको प्रमाणपत्रको Scan Copy ।

**दरखास्त दिने प्रकृया:** सूचनामा उपलव्ध गराइएको Link: मा उपलव्ध Job Application Form मार्फत् मात्र दरखास्त पेश गर्न सकिनेछ ।

**परीक्षाको किसिमः**

(क) तह ८ को पदहरुमा संक्षिप्त सूची (Short List)¸ प्रस्तुतीकरण (Presentation) र अन्तर्वार्ता (Interview)¸

(ख) तह ७ र सो भन्दा तल्लो पदहरुमा संक्षिप्त सूची (Short List)¸ सामूहिक छलफल (Group Discussion) तथा अन्तर्वार्ता (Interview)

**परीक्षाको मिति तथा स्थान:** कम्पनीको वेवसाइटमा पछि प्रकाशन गरिनेछ ।

**करार अवधिः** १ वर्ष

**सेवा सुविधा:** कम्पनीको नियमानुसार

**नोटः** कुनै उम्मेदवारले छनौट प्रकृयाका सम्वन्धमा मौखिक वा लिखित रुपमा आफैं वा अन्य व्यक्तिद्वारा प्रभावित गरेमा वा गर्न लगाएमा त्यस्तो उम्मेदवारलाई स्वत: अयोग्य घोषणा गर्न सकिनेछ । एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेडको संस्थापक संस्थाहरु कुनै अर्को कम्पनीको संस्थापक सदस्य रहेको त्यस्तो कम्पनीमा कार्यरत उम्मेद्वारहरुले अन्तर्वार्ता परीक्षामा उपस्थित हुँदा कार्यरत कम्पनीबाट जारी गरिएको कम्पनी छोडी अन्यत्र गएमा आपत्ति नरहेको पत्र (No Objection Letter) अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

**कर्मचारी छनौट तथा सिफारिस उपसमिति**
**एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेड**